राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ५५ २०८३ भदौ २७ गते शनिवार (12 Sep. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## मधेश अर्थमन्त्रीका सय दिन : खर्चमा अंकुश

### रकमान्तर घटेको, ३२ प्रतिशत दरबन्दी कटौती र योजना संख्या १५ हजार ८०८ मा झारेको दाबी



दैनिक समाचारदाता

जनकपुरधाम, २६ भदौ । मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले आफ्नो कार्यकालको १०० दिनमा वित्तीय सुशासन, प्रशासनिक सुधार, खर्चमा मितव्ययिता र बजेट प्रणालीमा संरचनात्मक सुधार गरिएको दाबी गरेका छन्।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट गत जेठ १२ गते अर्थमन्त्री बनेका भट्टराईले जेठ १३ गते पदभार ग्रहण गरेका थिए। सय दिन पुगेको अवसरमा पत्रकार सम्मेलन गर्दै उनले प्रशासनिक सुधारदेखि बजेट निर्माण र कार्यान्वयनसम्मका उपलब्धि सार्वजनिक गरेका हुन्।

उपलब्धिपत्रमा अर्थ मन्त्रालयको ३२ प्रतिशत कर्मचारी दरबन्दी कटौती गरिएको उल्लेख छ। लामो समयदेखि एउटै कार्यालयमा कार्यरत ७६ जना लेखा अधिकृत तथा लेखापालको सरुवा गरिएको र 'एक कर्मचारी, एक कार्यालय' नीति लागू गरिएको मन्त्री भट्टराईले बताए।

वित्तीय अनुशासनतर्फ चालु आर्थिक वर्षमा रकमान्तर तथा थप निकासा ५३ दशमलव ५७ प्रतिशतले घटाइएको उनको दाबी छ। असारमा हुने असारे विकाससँग सम्बन्धित रकमान्तरसमेत ९५ दशमलव ९६ प्रतिशतले घटाइएको उनले बताए। कानुनविपरीत रकमान्तर तथा थप निकासाका लागि आएका १२० भन्दा बढी फाइल सम्बन्धित निकायमै फिर्ता पठाइएको उपलब्धिपत्रमा उल्लेख छ।

बजेट प्रणालीमा सुधार गर्दै बजेट प्रविष्टि सम्बन्धित मन्त्रालयबाटै गर्ने व्यवस्था लागू गरिएको तथा स्थानीय तहमा हुने अनुदान हस्तान्तरणलाई रातो किताबसँग आबद्ध गरिएको मन्त्री भट्टराईले जानकारी दिए।

सेवा सुविधातर्फ प्रदेश निजामती तथा स्थानीय सेवाका कर्मचारीको सुरु तलब स्केलमा १० प्रतिशत वृद्धि, कार्यसम्पादनका आधारमा १० प्रतिशतसम्म प्रोत्साहन भत्ता र विद्युतीय हाजिरी अनिवार्य गर्ने व्यवस्था गरिएको उनले बताए। खर्च नियन्त्रणका लागि नयाँ खर्च मापदण्ड निर्देशिका पनि कार्यान्वयनमा ल्याइएको उनको भनाइ छ।

मन्त्री भट्टराईका अनुसार एक करोड रुपैयाँभन्दा कम लागतका नयाँ योजना तथा नयाँ सवारी साधन खरिदमा रोक लगाइएको छ। गत आर्थिक वर्षमा रहेका २७ हजार ४०४ योजनाको संख्या घटाएर चालु आर्थिक वर्षमा १५ हजार ८०८ मा सीमित गरिएको उनले बताए।

राजस्व संकलनतर्फ स्थानीय तहबाट बाँडफाँटबापत करिब २० करोड रुपैयाँ प्राप्त भएको तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट प्राप्त हुने राजस्व प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था गरिएको उनले जानकारी दिए।

मन्त्री भट्टराईले विगतमा अपेक्षित रूपमा अघि बढ्न नसकेका वित्तीय सुशासन र

बाँकी पृष्ठ ४मा

## सडकमै सुत्केरी : सरकारसँग जवाफ माग

### सप्तरी घटनालाई लिएर संसदमा सांसदहरूको प्रश्न- सुरक्षित मातृत्व राज्यको दायित्व, दोषीमाथि कारबाहीको माग

दैनिक समाचारदाता

जनकपुरधाम, २६ भदौ । सप्तरीको राजविराज नगरपालिका(१४ पर्साहीकी बबिता पासवानले अस्पतालमा उपचारका लागि पुग्दा पैसाको अभावमा अस्पतालबाहिरै शिशु जन्माउनुपरेको घटनालाई लिएर प्रतिनिधिसभामा सरकारसँग जवाफ मागिएको छ।



प्रतिनिधिसभाको बैठकमा सांसदहरूले पासवानले भोग्नुपरेको घटना सामान्य स्वास्थ्यसम्बन्धी समस्या नभई राज्यको नीति, सेवा प्रवाह र सुरक्षित मातृत्वप्रतिको जवाफदेहितासँग जोडिएको विषय भएको बताएका छन्। उनीहरूले घटनाको छानबिन गरी दोषी देखिए सम्बन्धित कर्मचारी तथा अस्पताल प्रशासनमाथि कारबाही गर्न माग गरेका छन्।

नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलालले यस्ता घटनामा सरकार जिम्मेवार र जवाफदेही हुनुपर्ने बताए। उनले मुलुकमा विभिन्न हिंसा, बलात्कार, हत्या तथा प्राकृतिक विपद्का घटनाबाट नागरिक पीडित भइरहेका बेला सुरक्षित मातृत्वजस्तो संवेदनशील विषयमा समेत राज्यको गैरजिम्मेवारी देखिनु गम्भीर भएको बताए।

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद तोसिमा कार्कीले सुरक्षित मातृत्व सुनिश्चित गर्न आवश्यक नीति परिवर्तन गर्नुपर्ने बताइन्। सरकारले आवश्यक नीति ल्याए संसद्ले त्यसमा सहयोग गर्ने उनको भनाइ थियो।

नेकपा एमालेकी सांसद भूमिका लिम्बु सुब्बाले अस्पतालबाट सुत्केरी महिलालाई बाहिर निकालिनु दुःखद् घटना मात्र नभई सरकारको गैरजिम्मेवारीको उदाहरण भएको बताइन्। "अस्पतालको पेटीमा जन्मिएको नयाँ जीवनसँगै सरकारको संवेदनहीनता र गैरजिम्मेवारीपनको दुःखद् इतिहासको पनि जन्म भएको छ," उनले भनिन्।

नेपाली कांग्रेसकी सांसद गीता गुरुङले आर्थिक अभावका कारण महिलाले अस्पतालबाहिर बच्चा जन्माउनुपर्ने अवस्था आउनु लज्जास्पद भएको बताइन्। सुरक्षित मातृत्व राज्यको जिम्मेवारी हो कि होइन भन्ने प्रश्न गर्दै उनले सरकारको ध्यानाकर्षण गराइन्।

रास्वपाकी सांसद लिमा अधिकारीले पनि घटनाप्रति गम्भीर आपत्ति जनाउँदै आफ्ना पिता तथा पूर्वअर्थमन्त्री स्व. भरतमोहन अधिकारीले सुत्केरी महिलाका लागि राज्यबाट सहयोग उपलब्ध गराउने अवधारणा अघि बढाएको स्मरण गरिन्। उनले केही हजार रुपैयाँको अभावकै कारण प्रसव पीडामा रहेकी महिलालाई अस्पतालको ढोकाबाट बाहिर निकालिनु राज्यका लागि गम्भीर लज्जाको विषय भएको बताइन्।

अधिकारीले संविधानले सुरक्षित मातृत्वलाई मौलिक हकका रूपमा सुनिश्चित गरे पनि त्यसको व्यवहारिक अनुभूति नागरिकले गर्न नसकेको बताइन्। पैसाको अभावमा कुनै पनि गर्भवती महिलाले अस्पतालको ढोकामा अपमानित हुनुपर्ने अवस्था आउन नहुने भन्दै उनले घटनामा संलग्न कर्मचारी तथा अस्पताल प्रशासनमाथि तत्काल छानबिन गरी दोषी देखिए कडा कारबाही गर्न माग गरिन्।

पासवान प्रसव पीडामा अस्पताल पुगेकी थिइन्। तर उपचारका लागि आवश्यक रकम नभएको भन्दै अस्पतालबाट बाहिरिएपछि उनले अस्पताल परिसरनजिकै सडकमा शिशु जन्माउनुपरेको घटना सार्वजनिक भएको हो। घटनाले सुरक्षित मातृत्व, निःशुल्क स्वास्थ्य सेवा र राज्यको स्वास्थ्य प्रणालीको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ।

## डीएपी मल बिक्रीमा रोक

### अन्तर्राष्ट्रिय आपूर्ति प्रभावित भएको भन्दै गहुँका लागि मल जोगाउने सरकारको निर्णय

दैनिक समाचारदाता

काठमाडौं, २६ भदौ । सरकारले अन्तर्राष्ट्रिय आपूर्ति शृंखलामा आएको अवरोधलाई कारण देखाउँदै तत्कालका लागि रासायनिक मल डीएपी (डाइअमोनियम फस्फेट) को बिक्री(वितरण स्थगित गरेको छ। नजिकिँदो गहुँ बालीका लागि डीएपी मलको अभाव हुन नदिन कृषि, वन तथा पर्यावरण मन्त्रालयले यस्तो निर्णय गरेको हो।




मन्त्रालयको कृषि विकास महाशाखाअन्तर्गतको कृषि सामग्री व्यवस्थापन तथा प्रविधि शाखाले १६ भदौमा पत्र जारी गर्दै कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनलाई डीएपी मलको बिक्री(वितरण रोक्न निर्देशन दिएको छ।

मन्त्रालयका माटो विज्ञ रजनिश मिश्रले हस्ताक्षर गरेको पत्रमा इजरायल, अमेरिका र इरानबीचको युद्धका कारण होर्मुज नाका बन्द हुँदा रासायनिक मलको अन्तर्राष्ट्रिय आपूर्ति शृंखलामा अवरोध आएको उल्लेख छ। त्यसबाट 'फोर्स मेजर'को अवस्था सिर्जना भएको मन्त्रालयको दाबी छ। खरिद सम्झौता भइसकेको डीएपी मलसमेत समयमै आपूर्ति हुने अवस्था कमजोर देखिएकाले गहुँ बालीका लागि मल अभाव हुन सक्ने भन्दै हाललाई बिक्री(

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020




# 'हनुमान अंश' :
# दुई करोडको फिल्मले १९३ करोड कमाउँदाको कथा

जनकपुरधाम । बलिउडमा ठूलो बजेट, चर्चित कलाकार र आक्रामक प्रचारबिना कुनै फिल्मले दर्शक तान्न सक्दैन भन्ने मान्यता छ। तर सन् २०२६ मा प्रदर्शनमा आएको 'हनुमान अंश' ले यही मान्यतालाई चुनौती दिएको छ। करिब २ करोड भारतीय रुपैयाँको बजेटमा बनेको यो आध्यात्मिक जीवनीपरक फिल्मले सुरुवाती कमजोर व्यापारलाई पछि उछिन्दै भारतमा करिब १९३.३० करोड रुपैयाँ ग्रस र १६३.५९ करोड रुपैयाँ नेट कमाइ गरेको पछिल्लो रिपोर्टमा उल्लेख छ।

७ अगस्ट २०२६ मा प्रदर्शनमा आएको फिल्मले पहिलो दिन जम्मा करिब १० लाख रुपैयाँ कमाएको थियो। पहिलो दुई सातासम्म पनि यसको व्यापार उत्साहजनक थिएन। तर दर्शकबाट सकारात्मक प्रतिक्रिया आउन थालेपछि तेस्रो सातादेखि फिल्मको व्यापार अचानक बढ्यो। सामाजिक सञ्जाल र मौखिक प्रचारमार्फत फिल्मबारे चर्चा बढेपछि यसको प्रदर्शनसमेत विस्तार हुँदै गयो।

### *नीम करोली बाबाको जीवनमा आधारित कथा*

'हनुमान अंश' भारतका चर्चित आध्यात्मिक सन्त नीम करोली बाबाको जीवन र शिक्षाबाट प्रेरित फिल्म हो। फिल्ममा लक्ष्मण दास नामका एक बालकदेखि आध्यात्मिक गुरु नीम करोली बाबा बन्नेसम्मको यात्रालाई प्रस्तुत गरिएको छ।

फिल्मको कथाको केन्द्रमा एक दुःखी बालक छ, जसले आफ्नी दिवंगत आमासँग पुनः भेट्न ईश्वरको खोजी गर्छ। ईश्वरको खोजी गर्दै अघि बढ्ने क्रममा उसले मानव सेवाको बाटो भेट्छ। प्रेम, भोजन, सेवा, मौन आशीर्वाद र आध्यात्मिक चमत्कारमार्फत मानिसको जीवनमा परिवर्तन ल्याउने पात्रका रूपमा उसको यात्रा अघि बढ्छ। यही यात्राले अन्ततः उनलाई 'हनुमान अंश' अर्थात् हनुमानजीको भक्त र आध्यात्मिक व्यक्तित्वका रूपमा स्थापित गर्छ।

फिल्मले नीम करोली बाबाको चमत्कारलाई मात्र केन्द्रमा नराखी सेवा, करुणा, भक्ति र मानवतामाथिको विश्वासलाई कथाको मुख्य आधार बनाएको छ। यही कारण फिल्म धार्मिक दर्शकसँगै आध्यात्मिक तथा प्रेरणादायी कथा रुचाउने दर्शकमाझ पनि लोकप्रिय बनेको देखिन्छ।

### *ठूलो स्टारबिना ठूलो सफलता*

फिल्मको अर्को विशेषता यसको कलाकार र निर्माण बजेट हो। फिल्ममा कुनै ठूलो बलिउड स्टार छैनन्। नीम करोली बाबाको भूमिकामा शोभिनव सत्यले अभिनय गरेका छन्। चन्दन के. आनन्द, विहान शेडगे, अनिल रस्तोगी, पूर्णिमा तिवारी र गुलशन पाण्डेलगायत कलाकार पनि फिल्ममा छन्।



निर्देशक विशाल चतुर्वेदीले फिल्मको लेखन, निर्देशन र निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। रिपोर्टअनुसार उनले फिल्मका लागि आफ्नो पारिश्रमिकसमेत नलिएको उल्लेख छ। फिल्म निर्माणका क्रममा उनले लामो समयसम्म विशेष अनुशासन पालना गरेको र दैनिक हनुमान चालिसा पाठ गर्ने गरेको समेत समाचारमा उल्लेख छ।

फिल्मकी एक निर्मातामध्ये २१ वर्षीया अनुप्रिया नागर पनि चर्चामा आएकी छन्। अर्थशास्त्र अध्ययन गरेकी नागर सुरुमा फिल्म निर्माणमा आउने योजनामा थिइनन्। नीम करोली बाबाको जीवनबारे गरेको अध्ययन र उनको आध्यात्मिक प्रभावबाट प्रभावित भएर फिल्म निर्माणमा जोडिएको बताइएको छ।

### *१० लाखको सुरुवातदेखि १९३ करोडसम्म*

'हनुमान अंश'को व्यापार यात्रा झनै रोचक छ। पहिलो दिनको कमाइ करिब १० लाख रुपैयाँ मात्र थियो। सुरुवाती दुई सातामा फिल्मले अपेक्षाअनुसार व्यापार गर्न नसकेपछि यसलाई कमजोर प्रदर्शन गर्ने फिल्मका रूपमा हेरिएको थियो। तर तेस्रो सातादेखि दर्शकको प्रतिक्रिया बढेसँगै फिल्मको कमाइ पनि तीव्र गतिमा उकालो लाग्यो।

केही सातामै फिल्मले १०० करोड रुपैयाँभन्दा बढी नेट कमाइ गरेको रिपोर्ट सार्वजनिक भयो। पछिल्लो तथ्यांकअनुसार भारतमा यसको ग्रस कमाइ करिब १९३.३० करोड पुगेको छ भने नेट कमाइ १६३.५९ करोड रुपैयाँ पुगेको छ। करिब २ करोडको निर्माण लागतको तुलनामा यो असाधारण व्यापार हो।

यसलाई लगानीको तुलनामा हेर्दा फिल्मले आफ्नो निर्माण लागतभन्दा दर्जनौं गुणा बढी व्यापार गरिसकेको छ। यही कारण 'हनुमान अंश'लाई २०२६ को सबैभन्दा अप्रत्याशित र सफल कम बजेटका फिल्ममध्ये एकका रूपमा हेरिएको छ।

### *विदेशमा पनि प्रदर्शन*

भारतमा सफल भएपछि फिल्म ११ सेप्टेम्बर २०२६ बाट अन्तर्राष्ट्रिय बजारमा समेत प्रदर्शनमा आएको छ। होम्बले ओभरसिजमार्फत अमेरिका, युरोप, मध्यपूर्व र एसिया(प्रशान्त क्षेत्रका बजारमा फिल्म पुऱ्याइएको रिपोर्टमा उल्लेख छ। अब फिल्मको विदेश व्यापारले यसको कुल कमाइ कहाँसम्म पुऱ्याउँछ भन्ने चासो बढेको छ।

### *सफलताको मुख्य कारण के ?*

'हनुमान अंश'को सफलता केवल धार्मिक विषयका कारण भएको मान्न सकिँदैन। फिल्मको सरल आध्यात्मिक कथा, दर्शकको सकारात्मक प्रतिक्रिया, मौखिक प्रचार र कम निर्माण लागत यसको सफलताका प्रमुख आधार देखिन्छन्।

ठूला स्टार र करोडौँको प्रचार खर्च नभए पनि दर्शकले फिल्म मन पराएपछि सामाजिक सञ्जाल र व्यक्तिगत सिफारिसमार्फत यसको चर्चा फैलियो। सुरुवाती कमजोर व्यापारपछि अचानक बढेको कमाइले चलचित्र उद्योगमा 'माउथ पब्लिसिटी' अर्थात् दर्शककै प्रतिक्रियाले फिल्मलाई कसरी सफल बनाउन सक्छ भन्ने उदाहरणसमेत प्रस्तुत गरेको छ।

यसरी करिब २ करोड रुपैयाँमा बनेको 'हनुमान अंश'ले १९३ करोड रुपैयाँभन्दा बढी ग्रस व्यापार गर्नु केवल एउटा फिल्मको सफलता होइन, बलियो कथा र दर्शकको विश्वास भए ठूलो स्टार र विशाल बजेटबिनै चलचित्रले असाधारण सफलता हासिल गर्न सक्छ भन्ने उदाहरणका रूपमा समेत हेरिएको छ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# राजविराज सुत्केरी घटनामा छानबिन

## ड्युटीमा रहेका कर्मचारी हटाइए, दोषी देखिए कानुनअनुसार कारबाही गर्ने स्वास्थ्यमन्त्रीको प्रतिबद्धता

दैनिक समाचारदाता

काठमाडौँ २६ भदौ । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निशा मेहताले राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल परिसरबाहिर सुत्केरी भएको घटनालाई सरकारले गम्भीरतापूर्वक लिएको बताएकी छन्। उनले घटनाको छानबिन भइरहेको र दोषी देखिएकामाथि कानुनबमोजिम कारबाही गरिने प्रतिबद्धता जनाइन्।

प्रतिनिधिसभाको बैठकमा सांसदहरूले राजविराजस्थित अस्पतालमा उपचारका लागि पुगेकी आमाले अस्पताल परिसरबाहिरै बच्चा जन्माउनुपरेको घटनाबारे प्रश्न उठाएपछि मन्त्री मेहताले मन्त्रालयले चालेका कदमबारे सदनलाई जानकारी गराएकी हुन्।

भदौ २५ गतेको प्रतिनिधिसभा बैठकमा उक्त घटनाबारे प्रश्न उठेपछि स्वास्थ्य मन्त्रालयले अस्पतालसँग २४ घण्टे स्पष्टीकरण मागेको थियो।

मन्त्री मेहताका अनुसार घटनाको छानबिन गर्न नेपाल मेडिकल काउन्सिलका रजिस्ट्रार डा. सुपर्भा श्रेष्ठको नेतृत्वमा पाँच सदस्यीय एथिकल कमिटी गठन गरिएको छ। समितिले घटनास्थलको स्थलगत छानबिनसमेत गरिसकेको उनले जानकारी दिइन्।

घटनाका समयमा ड्युटीमा रहेका कर्मचारीलाई तत्काल कामकाजबाट हटाएर छानबिन प्रक्रिया अघि बढाइएको मन्त्री मेहताले बताइन्। प्रारम्भिक विवरणअनुसार प्रसूति व्यथा लागेर अस्पताल पुगेकी ३० वर्षीया बबिताकुमारी पासवानलाई समयमै सेवा नदिई अस्पतालको बेड नम्बर २४ बाट बाहिर पठाइएको पाइएको उनले जानकारी दिइन्।

अस्पतालले मन्त्रालयमा स्पष्टीकरण पेस गरिसकेको पनि उनले बताइन्।

मन्त्री मेहताले सुरक्षित मातृत्व, संस्थागत प्रसूति तथा आमा र नवजात शिशुको स्वास्थ्य सेवामा सरकारको उच्च प्राथमिकता रहेको बताइन्। कुनै पनि गर्भवती महिलाले जोखिम मोलेर घरमै प्रसूति गराउनुपर्ने अवस्था आउन नदिन सरकार सचेत रहेको उनको भनाइ छ।

सरकारी स्वास्थ्य संस्थामा प्रसूति सेवा निःशुल्क हुनुका साथै यातायात खर्चसमेत सरकारले उपलब्ध गराउँदै आएको जानकारी दिँदै उनले सेवा लिन आउने महिलासँग कुनै शुल्क माग्नु वा सेवा दिन अस्वीकार गर्नु कानुनविपरीत हुने स्पष्ट पारिन्।

'कुनै पनि गर्भवती महिलाले जोखिम मोलेर घरमै प्रसूति गराउनुपर्ने अवस्था नआओस् भन्नेमा हामी सचेत छौँ,' उनले भनिन्।

छानबिन समितिको प्रतिवेदन प्राप्त भएपछि दोषी देखिएका व्यक्तिमाथि कानुनबमोजिम कारबाही अघि बढाउने मन्त्री मेहताले बताइन्। आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन तथा आम नागरिकलाई सुरक्षित र सहज स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको उनको भनाइ छ।

# बालिका हत्या मुद्दामा १० प्रतिवादीलाई राहत

## मुख्य प्रतिवादी चौधरीलाई २० हजार धरौटी, अन्य नौ जनालाई साधारण तारेखमा छाड्ने आदेश




काठमाडौँ २६ भदौ । बारा जिल्ला अदालतले तीन वर्षीया बालिका अपहरण, जबरजस्ती करणी तथा कर्तव्य ज्यान मुद्दाका मुख्य प्रतिवादी प्रोगेश चौधरी (पुरग्रेश चौधरी) लाई २० हजार रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ। अदालतले मुद्दामा प्रतिवादी बनाइएका अन्य नौ जनालाई पनि साधारण तारेखमा रिहा गर्ने आदेश दिएको छ।

बारा जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको एकल इजलासले मुख्य प्रतिवादी चौधरीलाई धरौटीमा र अन्य नौ प्रतिवादीलाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्न आदेश दिएको हो।

अदालतका अनुसार चौधरीले बयानका क्रममा कसुरमा इन्कार गरे पनि घटनास्थल भनिएको घरमा बिजुलीको बत्ती बाल्न गएको स्वीकार गरेका छन्। बालिकाको शव वीरबहादुर रोक्काको खाली घरबाट बरामद भएको तथा घरधनीकी बुहारी टीकाकुमारी शाहीसहित अनुसन्धानका क्रममा बुझिएका व्यक्तिहरूको भनाइलाई समेत आधार मान्दै अदालतले तत्काल प्राप्त प्रमाणबाट चौधरीको संलग्नता नरहेको भन्न सकिने अवस्था नदेखिएको ठहर गरेको छ।

प्रमाण ऐन, २०३१ को दफा १८ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम अदालतले चौधरीसँग २० हजार रुपैयाँ नगद धरौटी वा सो बराबरको जमानत माग गरेको हो।

***नौ जना साधारण तारेखमा***

अदालतले इन्द्रजीत चौधरी, बबिता चौधरी, ममता चौधरी, पुष्पा चौधरी, नवीन विक, टेकबहादुर थापामगर, शेष हसमुदिन आलम, सविता चौधरी र बिन्दुदेवी चौधरीलाई साधारण तारेखमा छाड्ने आदेश दिएको छ।

यी प्रतिवादीविरुद्ध प्रत्यक्ष प्रमाण नदेखिएको अदालतको ठहर छ। उनीहरूले आरोप अस्वीकार गरेको तथा अनुसन्धानका क्रममा बुझिएका साक्षीको बयानबाट मुख्य कसुरदारलाई साधन वा स्रोत उपलब्ध गराएको, कसुरमा सहयोग गरेको वा प्रमाण लोप गरेको तथ्य पुष्टि हुने पर्याप्त आधार मिसिलमा नदेखिएको अदालतले जनाएको छ।

अभियोगदाबी पुष्टि गर्ने पर्याप्त प्रमाण मिसिलमा संलग्न नभएको भन्दै उनीहरूलाई थुनामा वा धरौटीमा राख्न आवश्यक नदेखिएको अदालतको निष्कर्ष छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ बमोजिम उनीहरूलाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्न आदेश दिइएको हो।

यसैबीच, प्रहरीबाट भिडियो सार्वजनिक भएको विषयमा चर्चामा आएका नाबालक प्रतिवादी नरवस्ती (क) का हकमा भने अदालतको आदेशमा धरौटी वा साधारण तारेखबारे स्पष्ट उल्लेख छैन। चार पृष्ठको आदेशमा उनलाई सुधारगृहमा पठाउने आदेशसमेत स्पष्ट रूपमा उल्लेख नभएको जनाइएको छ।

***के थियो घटना ?***

जितपुरसिमरा उपमहानगरपालिका-१ भक्तिनगर टोलकी तीन वर्षीया बालिका (परिवर्तित नाम गमला 'क') गत साउन ३१ गते बिहान घरबाट निस्किएपछि हराएकी थिइन्। खोजी गर्ने क्रममा भोलिपल्ट भदौ १ गते छिमेकी वीरबहादुर रोक्काको खाली घरभित्र बालिकाको शव फेला परेको थियो।

बालिकालाई अपहरण गरी शरीर बन्धक बनाएर जबरजस्ती करणीपछि हत्या गरिएको अभियोगमा जाहेरी परेपछि प्रहरीले अनुसन्धान गरी विभिन्न व्यक्तिलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो।

घटनालाई लिएर बारा र काठमाडौंमा समेत प्रदर्शन तथा आन्दोलन भएको थियो। त्यस क्रममा गृहमन्त्री सुधन गुरुङले पीडित बालिकाका अभिभावकलाई सिंहदरबारमा बोलाएर तीनबुँदे सहमति गरेका थिए।

अदालतले फरार रहेका अन्य प्रतिवादीका हकमा कानुनबमोजिम म्याद जारी गरी नियमानुसार पेस गर्नसमेत आदेश दिएको छ।

***के थियो अभियोग ?***

अभियोगपत्रअनुसार प्रोगेश चौधरीसहित उनका बुवा इन्द्र चौधरी, आमा बबिता चौधरी, दिदी ममता चौधरी र श्रीमती पुष्पा चौधरीमाथि घटनामा मतियारको भूमिका निर्वाह गरेको आरोप लगाइएको थियो। अदालतको पछिल्लो आदेशले भने अभियोगमा रहेका सबै प्रतिवादीको कसुर अहिले नै पुष्टि नभएको स्पष्ट गरेको छ।

# फरार ८ प्रतिवादी पक्राउ




दैनिक समाचारदाता

जनकपुरधाम, २६ भदौ । धनुषा प्रहरीले अदालतबाट सजाय तथा जरिवाना तोकिएपछि फरार रहेका विभिन्न मुद्दाका ८ जना प्रतिवादीलाई पक्राउ गरेको छ।

धनुषा जिल्ला अदालतको फैसला कार्यान्वयनका लागि खोजतलास गर्ने क्रममा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

पक्राउ परेकामध्ये पाँच जना कुटपिट मुद्दाका प्रतिवादी रहेका छन्। उनीहरूलाई अदालतले जनही ३ सय ५५ रुपैयाँदेखि ५ हजार रुपैयाँसम्म जरिवाना तोकेको थियो।

त्यस्तै, जालसाजी मुद्दाका एक जनालाई ३ सय १५ रुपैयाँ, सवारी ज्यान मुद्दाका एक जनालाई २ हजार रुपैयाँ र अर्का एक जनालाई ७ हजार ७ सय रुपैयाँ जरिवाना तोकिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पठाइएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले अदालतबाट सजाय तथा जरिवाना तोकिएपछि फरार रहेका प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइएको बताए।

प्रहरीले अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीको खोजतलास र पक्राउ अभियान जारी राख्ने जनाएको छ।

# आईजीपी कार्कीलाई बर्खास्त गर्न माग

## रास्वपा सांसद सुनारले लगाए भ्रष्टाचारको आरोप, अख्तियार र लेखा समितिमा उजुरी थपिँदै गएको दाबी




दैनिक समाचारदाता

काठमाडौं, २६ भदौ । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनारले नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीलाई बर्खास्त गर्न सरकारसँग माग गरेका छन्।

शुक्रबार प्रतिनिधिसभाको बैठकमा शून्य समयमा बोल्दै सांसद सुनारले महानिरीक्षक कार्कीमाथि करोडौँ रुपैयाँ भ्रष्टाचार गरेको आरोप लागेको भन्दै तत्काल छानबिन गरी बर्खास्त गर्न सरकारको ध्यानाकर्षण गराएका हुन्।

'तल्लो दर्जाका प्रहरीको जुत्ता, मोजा खाइदिएको आरोप उहाँमाथि लागेको छ। करोडौँ(करोड भ्रष्टाचार गरेको आरोप लागेको छ,' सुनारले भने, 'यो सरकारले उहाँलाई बर्खास्त किन गरिरहेको छैन ? उहाँमाथि छानबिन किन भइरहेको छैन ? के कारणले उहाँलाई बचाइराखिएको छ ?'

महानिरीक्षक कार्कीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगदेखि संसद्को सार्वजनिक लेखा समितिसम्म भ्रष्टाचारसम्बन्धी उजुरी थपिँदै गएको पनि उनले दाबी गरे।

सामान्य आरोपकै आधारमा यसअघि तीन जना मन्त्री बर्खास्त भइसकेको उल्लेख गर्दै सांसद सुनारले प्रहरी प्रमुखमाथि करोडौँ भ्रष्टाचारको आरोप लाग्दा पनि छानबिन नभएको भन्दै प्रश्न उठाए।

'सामान्य आरोपको भरमा अहिलेसम्म तीन जना मन्त्री बर्खास्त भइसक्नुभएको छ। तर करोडौँ भ्रष्टाचार गरेको आरोप अहिलेका नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्की, उहाँकी श्रीमतीलगायत उच्च अधिकारीमाथि लागेको छ,' उनले भने, 'करोडौँ भ्रष्टाचार गरेको आरोपसम्बन्धी उजुरी अख्तियारदेखि सार्वजनिक लेखा समितिसम्म चाङमाथि चाङ थपिँदै गएको छ।'

सांसद सुनारले आरोपमाथि निष्पक्ष छानबिन गरी दोषी देखिए कारबाही गर्न तथा अनुसन्धानको प्रक्रियाबारे सदनलाई जानकारी गराउन सरकारको ध्यानाकर्षण गराएका छन्।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# बाढीबाट डेढ लाख प्रभावित

## स्वास्थ्य क्षेत्रमा गम्भीर महामारी देखिएन, जलवायु अनुकूल संरचनाको गुरुयोजना बन्दै

दैनिक समाचारदाता

काठमाडौं, २६ भदौ । गत भदौ १० गते रसुवाको भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट रसुवा, नुवाकोट र धादिङलगायत जिल्लाका करिब डेढ लाख नागरिक प्रत्यक्ष प्रभावित भएको प्रारम्भिक अनुमान गरिएको छ । शुक्रबार प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा. विकास देवकोटाले बाढीबाट प्रभावित जनसंख्याको प्रारम्भिक विवरण प्रस्तुत गरेका हुन् ।

बागमती प्रदेश सरकार र मन्त्रालयका विभिन्न संयन्त्रमार्फत संकलन गरिएको विवरणका आधारमा प्रभावित जनसंख्याको अनुमान गरिएको उनले जानकारी दिए।

बाढी प्रभावित क्षेत्रबाट उद्धार



गरी होल्डिङ सेन्टरमा राखिएका व्यक्तिमध्ये २५ जनामा झाडापखालाको संक्रमण देखिएको सचिव देवकोटाले समितिलाई जानकारी गराए। यद्यपि, झाडापखालाबाहेक अन्य गम्भीर प्रकृतिका महामारी वा संक्रामक रोगको प्रकोप भने हालसम्म नदेखिएको उनले स्पष्ट पारे। जलवायु अनुकूल संरचनाको गुरुयोजना

बाढीपछिको विपद्बाट स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण पाठ सिकिएको उल्लेख गर्दै सचिव देवकोटाले आगामी दिनमा निर्माण हुने स्वास्थ्य संरचनालाई जलवायु अनुकूल बनाउनुपर्नेमा जोड दिए। भौगोलिक अवस्था र तापक्रमअनुसार भवन निर्माणको अवधारणा अघि बढाउनुपर्ने उनको भनाइ थियो।

'अब स्वास्थ्य मन्त्रालयबाट बन्ने घर वा संरचना कस्तो भौगोलिक अवस्थामा निर्माण हुन्छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। तापक्रम धेरै भएको ठाउँमा बन्ने संरचना र चिसो ठाउँमा बन्ने संरचना फरक हुनुपर्छ,' उनले बैठकमा भने, 'अब सबै क्षेत्रले यस विषयमा गम्भीरतापूर्वक सोच्नुपर्ने हुन्छ।'

नयाँ संरचना निर्माण गर्दा विपद् वा स्वास्थ्य समस्या उत्पन्न भएका बेला सहज रूपमा सेवा लिन सकिने गरी नजिकका स्वास्थ्य संस्थाको अवस्थालाई समेत आधार बनाउनुपर्ने उनले बताए। स्वास्थ्य मन्त्रालयले पुनःस्थापना र पुनर्निर्माणका लागि जलवायु अनुकूल संरचनासहितको गुरुयोजना निर्माण गरिरहेको सचिव देवकोटाले जानकारी दिए। गुरुयोजना तयार भएपछि संसदीय समितिमा पेस गर्ने प्रतिबद्धता पनि उनले जनाए।

# रोबोटले मागे एआई नियमन

## पोल्याण्डमा ३० रोबोटको अनौठो प्रदर्शन, एआईले रोजगारी खोस्ने भन्दै कडा कानून बनाउन दबाब

दैनिक समाचारदाता

काठमाडौं, २६ भदौ । पोल्याण्डको डिजिटल प्रविधि मन्त्रालयअगाडि करिब ३० वटा रोबोटले कृत्रिम बुद्धिमत्ता (एआई) लाई कडाइका साथ नियमन गर्न माग गर्दै प्रदर्शन गरेका छन्।

एआईको तीव्र विकासका कारण मानिसको रोजगारी जोखिममा परेको भन्दै रोबोटहरूले नै एआई नियमनसम्बन्धी कानुन बनाउन माग गरेका हुन्। 'डेमोक्रेसी' नामक अभियानको आयोजनामा राजधानी वार्सोमा सोमबार भएको प्रदर्शनमा ह्युमानोइड र कुकुरजस्ता चारखुट्टे रोबोट सहभागी थिए।

रोबोटहरूले झन्डा हल्लाउँदै, नारा लगाउँदै र गोलाकार घेरामा घुम्दै प्रदर्शन गरेका थिए। उनीहरूले लाउडस्पिकरमार्फत 'काम गर्ने ठाउँको रक्षा गरौँ', 'नियम बनाउने समय भयो' र 'पर्खिनु हुँदैन, नियमन गर'जस्ता नारासमेत लगाएका थिए।

अभियानका आयोजक ग्रेगोर्ज कुलिसले एआई र ह्युमानोइड रोबोटका कारण




मानिसलाई रोजगारीबाट विस्थापित गर्ने सम्भावित जोखिमलाई अहिले नै सम्बोधन गर्नुपर्ने बताए। 'हामी विशेषगरी ह्युमानोइड रोबोट र संज्ञानात्मक काममा एआईका कारण मानिसहरू विस्थापित हुन सक्ने समस्यालाई सम्बोधन गर्न चाहन्छौँ। अहिले नै कदम नचाले चाँडै समस्या आउन सक्छ,' उनले एएफपीसँग भने।कुलिसका अनुसार प्रदर्शनमा रोबोट प्रयोग गर्नुको उद्देश्य मानिसको ध्यान आकर्षित गर्नुका साथै रोबोटको वर्तमान क्षमता र सम्भावित जोखिमबारे सन्देश दिनु थियो। उनका अनुसार केही रोबोट अहिले नै स्वतन्त्र रूपमा हिँडडुल गर्न सक्षम भइसकेका छन्।

प्रदर्शनलाई पोल्याण्डका डिजिटल मामिला मन्त्री क्रिज्सटोफ गाभ्कोभस्कीले पनि अवलोकन गरेका थिए। प्रदर्शनकारीसँग भेट गर्दै उनले ह्युमानोइड रोबोटमा प्रयोग हुने अनियन्त्रित एआई प्रणाली र बढ्दो रोबोटिकीकरण ठूलो चुनौती बन्न सक्ने बताए।

उनले आफ्नो मन्त्रालयले एआई नियमनका लागि आवश्यक कानुनी व्यवस्था निर्माणमा काम गरिरहेको जानकारी दिए। तर प्रदर्शनका आयोजकमध्ये एकले संसद्मा छलफल भइरहेको प्रस्तावित कानुनी व्यवस्थामा कामदारको सुरक्षाका विषय पर्याप्त रूपमा समेटिन नसकेको बताएका छन्।

गत जुलाईमा पोल्याण्डका राष्ट्रपति कारोल नाव्रोत्स्कीले युरोपेली संघको एआई ऐन कार्यान्वयन गर्ने विधेयकमा हस्ताक्षर गरिसकेका छन्।

### डीएपी.........

(continued)

वितरण स्थगित गरिएको मन्त्रालयले जनाएको छ।

१५ भदौको मन्त्रीस्तरीय निर्णयअनुसार डीएपी बिक्री रोकिएको हो। निर्णय कार्यान्वयन गर्न मन्त्रालयले 'मल वितरण व्यवस्थापन कार्यविधि, २०८२' को दफा १२ को उपदफा (६) मा रहेको व्यवस्था अर्को निर्णय नभएसम्मका लागि निलम्बनसमेत गरेको छ।

कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलका अनुसार अहिले धान बालीका लागि मुख्यतः युरिया मल आवश्यक रहेकाले डीएपी मल गहुँ बालीका लागि सुरक्षित राखिएको हो।

उनका अनुसार भदौ र असोजमा धान बालीका लागि डीएपीको माग कम हुने भएकाले अहिले वितरण गर्दा सहकारीमार्फत एग्रोभेटमा पुग्ने वा अनावश्यक रूपमा भण्डारण हुने जोखिम छ। त्यसैले गहुँको मुख्य सिजनमा डीएपीको अभाव नहोस् भनेर मन्त्रालय र कम्पनीबीचको परामर्शमा बिक्री रोक्ने निर्णय गरिएको हो।

### मधेश..........

संरचनागत सुधारका कामलाई प्राथमिकतामा राखिएको बताए। सरुवा तथा प्रशासनिक व्यवस्थापनमा समेत सुधारका लागि आफूले कडाइका साथ काम गरिरहेको उल्लेख गर्दै उनले सुशासनका सवालमा कुनै सम्झौता नगर्ने प्रतिबद्धता व्यक्त गरे।

# 'ग्रिन आर्मी'विरुद्ध सर्वोच्चमा रिट

दैनिक समाचारदाता

काठमाडौं, २६ भदौ । रसुवागढीको बाढीपछि प्रभावितहरुको उद्धार तथा राहतमा खटिएको ग्रिन आर्मीविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ। ग्रिन आर्मीले नेपाली सेनाको झैं मिल्दोजुल्दो पोशाक, दर्जा र चिन्ह प्रयोग गरेकाले त्यसलाई रोक्नुपर्ने मागसहित सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको हो ।

अधिवक्ताहरू साम्बराज अर्याल, पूर्णबहादुर साउद, गोविन्दराम परियार र विष्णुवर सिंह थापाले नेपालको संविधान तथा प्रचलित कानुनविपरीत गैरसरकारी संस्थाले सैनिक प्रकृतिको संरचना, पोसाक, दर्जा र चिह्न प्रयोग गरेको दाबी गरेका छन् ।

उनीहरुले ग्रिन आर्मीको दर्ता खारेजीको माग राखी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, समाज कल्याण परिषद्, काठमाडौं जिल्ला प्रशासन कार्यालय, गोकर्णेश्वर नगरपालिका र कम्पनी रजिस्ट्रारको कार्यालयलाई पनि विपक्षी बनाएका छन् ।

शुक्रबार दायर भएको रिटको पहिलो पेसी आगामी सोमबार तोकिएको छ ।

रिट निवेदकहरूले 'ग्रिन आर्मी नेपाल'लाई सामान्य गैरसरकारी संस्थाका रूपमा मात्र हेर्न नमिल्ने जिकिर गरेका छन् । निवेदनअनुसार कम्पनी रजिस्ट्रारको कार्यालयमा उक्त संस्था 'ग्रिन आर्मी नेपाल' नाममा दर्ता भएको छ । संस्थाले वातावरण संरक्षण, युवा नेतृत्व, सामाजिक सेवा तथा विपद् व्यवस्थापन लगायतका क्षेत्रमा काम गर्ने उद्देश्य राखेको आफ्नो सार्वजनिक विवरणमा उल्लेख गरेको छ ।

तर संस्थाले आफूलाई 'मिलिटरी इन्स्पायर्ड' संरचना भएको युवा संगठनका रूपमा प्रस्तुत गरेको, सदस्यहरूलाई 'क्याडेट', 'ब्रिगेडियर', 'मार्सल' र 'चिफ मार्सल' जस्ता सैनिक प्रकृतिका दर्जामा विभाजन गरेको तथा वेबसाइटमा 'चिफ मार्सलरचेयरपर्सन' र 'क्याडेट'जस्ता पदनाम प्रयोग गरेको रिटमा उल्लेख छ ।

त्यसैगरी, संस्थाले 'आर्मी' शब्द प्रयोग गर्नुका साथै सैनिक शैलीको संरचना, सैन्य पदनाम, पोसाक, दर्ज्यानी चिह्न, बुट तथा रेडियो सेटलगायतका सामग्री प्रयोग गर्ने गरेको निवेदकहरूको दाबी छ ।

यसबाट सर्वसाधारणमा उक्त संस्था नेपाली सेना वा राज्यका अन्य सुरक्षा निकायसँग सम्बन्धित संगठन भएको भ्रम सिर्जना हुन सक्ने रिटमा दाबी गरिएको छ ।

रिटमा हालैको विपद्मा 'ग्रिन आर्मी नेपाल'का सदस्यहरू नेपाली सेनासँग मिल्दोजुल्दो सैनिक शैलीको पोसाक र दर्ज्यानी चिह्नसहित उद्धार तथा राहतमा खटिएको दृश्य सञ्चार माध्यममार्फत सार्वजनिक भएकोले त्यो आपत्तिजनक रहेको उल्लेख गरिएको छ ।

यस घटनाले गैरसरकारी संस्थाको सैनिक प्रकृतिको पहिचान र राज्यका सुरक्षा निकायबीचको सीमाबारे गम्भीर प्रश्न उठाएको निवेदकहरूको जिकिर छ ।

निवेदकहरूले यस्तो दृश्यले नागरिकमा सुरक्षा निकायसम्बन्धी भ्रम सिर्जना गर्नुका साथै नेपालको राष्ट्रिय सुरक्षा, नागरिक पहिचान र राज्यका सुरक्षा संस्थाको विशिष्ट संस्थागत पहिचानमाथि समेत असर पार्न सक्ने तर्क गरेका छन् ।

रिटअनुसार, नेपालको संविधानले राष्ट्रिय सुरक्षा, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई संवेदनशील विषयका रूपमा ग्रहण गरेको छ । नेपाली सेना राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि एक संगठनका रूपमा रहने संवैधानिक व्यवस्था रहेको छ । संविधानको धारा २६७ ले राष्ट्रिय सुरक्षासँग सम्बन्धित नेपाली सेनाको संवैधानिक भूमिकालाई स्पष्ट गरेको छ ।

त्यस्तै, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसम्बन्धी संवैधानिक एवं कानुनी व्यवस्थालाई समेत आधार बनाउँदै निवेदकहरूले राज्यका सुरक्षा निकायबाहेक अन्य कुनै गैरसरकारी संस्थाले सैनिक प्रकृतिको संरचना बनाएर सुरक्षा निकायजस्तो देखिने गरी सञ्चालन हुनु कानुन तथा संवैधानविपरीत रहेको जिकिर गरेका छन् ।

रिटमा तीनवटा सरकारी सुरक्षा निकायबाहेक अन्य संस्था वा समूहले सैनिक शैलीको पोसाक, दर्जा र दर्ज्यानी चिह्न प्रयोग गर्दा राज्यको संस्थागत पहिचान कमजोर हुने तथा नागरिकमा भ्रम पैदा हुने खतरा रहेको उल्लेख छ ।

रिटमा 'ग्रिन आर्मी नेपाल'लाई सैनिक प्रकृतिको पोसाक प्रयोग गर्न विभिन्न सरकारी निकायबाट दिइएको भनिएको अनुमति तथा सहमतिमाथि समेत प्रश्न उठाइएको छ ।

निवेदकहरूको दाबीअनुसार गृह मन्त्रालय, रक्षा मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट उक्त संस्थालाई सैनिक प्रकृतिको पोसाक प्रयोग गर्न अनुमति वा सहमति दिइएको थियो । रक्षा मन्त्रालयले उक्त पोसाक नेपाली सेना तथा अन्य सुरक्षा निकायले प्रयोग गर्ने पोसाकसँग नमिल्ने भन्ने आधारमा सकारात्मक राय दिएको भए पनि व्यवहारमा उक्त संस्थाले प्रयोग गरेको पोसाक, सैनिक शैलीको संरचना, दर्जा तथा सञ्चालनले सर्वसाधारणमा सुरक्षा निकायसँग सम्बन्धित रहेको भ्रम सिर्जना गरेको रिटमा दाबी छ ।

निवेदकहरूले सरकारी निकायले दिएको यस्तो अनुमति संविधान तथा प्रचलित कानुनसँग बाझिएकोले अदालतबाट बदर हुनुपर्ने माग गरेका छन् । कम्पनी रजिस्ट्रारको कार्यालयले पनि 'ग्रिन आर्मी नेपाल' नाममा कम्पनी दर्ता तथा नवीकरण गर्दा सार्वजनिक हित र कानुनी मापदण्डको पर्याप्त परीक्षण नगरेको आरोप लगाइएको छ ।

कम्पनी ऐन, २०६३ को व्यवस्थाअनुसार सार्वजनिक हितविपरीत वा भ्रम सिर्जना गर्ने नाम तथा उद्देश्य भएको कम्पनीको दर्ता रोक्न सकिने व्यवस्था रहेको उल्लेख गर्दै उक्त कम्पनीको नाम, उद्देश्य र गतिविधिबारे पुनरवलोकन गर्नुपर्ने माग रिट निवेदकको छ ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**

Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377

Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४